## तिज पर्वको शुभकामना

नेपाली महिलाहरुको महान पर्व हरितालिका तिज पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासी एवं स्वदेश तथा विदेशमा रहनुहुने नेपाली महिला दिदिबहिनी र दाजुभाईहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। विशेषगरी नेपाली चलनमा सामाजिक, धार्मिक, साँस्कृतिक पहिचान व्यक्त गर्ने तिज पर्वले नेपाली महिलाहरुको गौरवलाई बोकेको छ। तीज पर्व परम्परागत महत्व सम्बन्धसँग जोडिएर आएको छ। सम्बन्ध सुधार गर्ने, यसलाई अझ प्रगाढ बनाउने तथा सम्बन्धमा भएका मनमुटावलाई प्रेममा बदल्ने पर्व हो तीज। अहिले पनि यसको आस्था र महत्व उत्तिकै छ। पहिले नेपाली नारीहरू आत्मनिर्भर तथा स्वावलम्बी नहुँदा एकदिन भए पनि मीठो-मसिनो ख्वाउन माइती पक्षकाहरू लामो समयदेखि दरको जोहोमा जुट्थे, भने चेलीबेटीहरू पनि महिनौं अगाडीदेखि पर्खेर बस्थे। त्यही दिनलाई उनीहरू आफ्नो बह पोख्ने र स्वतन्त्र रूपले रमाउने दिनका रूपमा उपभोग गर्थे। सासूले खटाउने संस्कारबाट आएका नेपाली महिलाले एकै दिन भए पनि राम्रो लाउने, मिठो खाने, स्वतन्त्र हुने अनि धक फुकाएर नाचगान गर्ने मौका पाउने भएकाले यो पर्व नेपाली महिलाको आत्मीय पर्व हो जसको पर्खाइमा उनीहरू व्यग्र हुन्छन्। साथै महिला दिदिबहिनीहरुले श्रीमानको सुस्वास्थ्य र दिर्घायुको कामना र अविबाहितहरुले योग्य पति प्रासिका लागि ब्रत बस्ने परम्परा छ। धार्मिक संस्कारसँग जोडिएको यस पर्व विस्तारै खर्चिलो, देखासिखी र तडकभडक तर्फ उन्मुख भएको देखिन्छ । पर्वलाई पर्वकै रुपमा मनाएर संस्कृतिमा विकृति भित्र्याउने काम र गतिविधीमा कोही लाग्नु हुदैन । सुखदुःख साटासाट गर्ने, नाचगान गरेर रमाईलो गर्दै यस पर्वको महत्वलाई बचाई एक आपसमा आत्मीयता, भाईचारा र सद्भाव अभिवृद्धी गर्ने गरी पर्वलाई मनाउन सवैमा अपिल गर्दछौं। संस्कार संस्कृतीलाई बचाउदै यस पर्वले समाजको चौतर्फी विकासमा एक भएर लाग्ने प्रेरणा प्रदान गर्ने छ भन्ने विश्वास लिदै सबैमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको शुभकामना व्यक्त गर्दछौ ।

मितिः २०८१।०५।२१ गते

का.वा.नगर प्रमुख